# अयोध्याफाँटा सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका नगरपालिका वडा नं. ९, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/०६ गते बुधबार**

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ६०१३ मिति २०८३/०३/३१ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **सौर्य राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| TA/12/03-a01-01-2083/04/06-p | समूहको घाटगद्धीमा | २,३,९, १०,११ ,१२,१ ४,१९, २०,२ २, २३ र २५ | १ | अस्ना | ए | ३३ | ८६४.७६ | ४०० | ३४५९०४.० | ९९७२०५.० | |
| | | | २ | अस्ना | बि | २२ | २१७.१८ | ३०० | ६५१५४.० | | |
| | | | ३ | अस्ना | सि | ४५ | १६७.३८ | १०० | १६७३८.० | | |
| | | | ४ | कर्मा | ए | १९ | ५२९.८९ | ४०० | २११९५६.० | | |
| | | | ५ | कर्मा | बि | ५३ | १०३९.१८ | ३०० | ३११७५४.० | | |
| | | | ६ | कर्मा | सि | १३५ | १४४७.९९ | १०० | १४४७९९.० | | |
| | | | ७ | जामुन | ए | २ | ५३.७७ | ४०० | २१५०८.० | | |
| | | | ८ | जामुन | बि | ७ | १११.६१ | ३०० | ३३४८३.० | | |
| | | | ९ | जामुन | सि | ११५ | ३३९.८९ | १०० | ३३९८९.० | | |
| | | | १० | सिरिस | ए | ७६ | ८४९.२६ | ३०० | २५४७७८.० | | |
| | | | ११ | सिरिस | बि | १९५ | ९१५.०८ | २०० | १८३०१६.० | | |
| | | | १२ | सिसौ वृ. | ए | १९ | १४३.३२ | ७०० | १००३२४.० | | |
| | | | १३ | सिसौ वृ. | बि | ८०३ | १७००.५६ | ५०० | ८५०२८०.० | | |
| जम्मा | | | | | | १५२४ | ८३७९.८७ | | २५७३६८३.० | ९९७२०५.० | |
| TA/12/03-a01-01-2083/04/06-p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५'को) ३.०० चट्टा | | | | | | १२००० | ३६०००.० | १३४४००.० | |
| | | सिसौ/सागवन जातको दाउरा(२०'x५'x५'को)३.०० चट्टा | | | | | | १२००० | ३६०००.० | | |
| | | अन्य जातको दाउरा (२०'x५'x५'को) १०.०० चट्टा | | | | | | ४००० | ४००००.० | | |
| जम्मा | | | | | | | | | २६८५६८३.० | ११३१६०५.० | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/२६ गते मंगलबार    ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/२७ गते बुधबार    ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/२८ बिहीबार    ख) समयः मध्यान्ह १:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/०६ गते बुधबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा नेपाल बैङ्क लिमिटेड, सानोश्री शाखा, बर्दियामा रहेको खाता नं. १५१००१०६८५८३२५०००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढ्ढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगढ्ढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

१७) बोलपत्र फारमको तालिकामा तालिका भित्र लेख्नुपर्ने विवरणहरु तालिकाभित्रै लेख्नुपर्ने छ, सो बमोजिम नलेखेको पाईएमा बोपत्रफारम अमान्य हुनेछ।

# विद्यार्थी आन्दोलनले भाजपा सरकारविरुद्ध बलियो बन्दै विपक्षीको आवाज

## राहुल गान्धीले मागे प्रधानमन्त्री मोदीको राजीनामा

■ एजेन्सी



नयाँ दिल्ली । भारतका प्रमुख विपक्षी नेता राहुल गान्धीले शिक्षा प्रणाली सुधारको माग गर्दै भएको विद्यार्थी आन्दोलनमाथि प्रहरी दमन भएको आरोप लगाउँदै प्रधानमन्त्री नरेन्द्र मोदीको राजीनामा माग गरेका छन् । कांग्रेस पार्टीका नेता गान्धीले मंगलबार प्रधानमन्त्री निवास नजिकै अन्य विपक्षी सांसदसँगको प्रदर्शनका क्रममा सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीले भारतका युवाको भविष्य जोखिममा पारेको भन्दै पदबाट राजीनामा दिनुपर्ने बताए । 'सरकार न त जवाफदेहिता लिन चाहन्छ, न त यस विषयमा संसद्मा बहस गर्न तयार छ,' तल्लो सदनका विपक्षी दलका नेता गान्धीले उल्लेख गरेका छन् । सोमबार नयाँ दिल्लीको जन्तर-मन्तर क्षेत्रमा भएको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा करिब ६० जना प्रदर्शनकारी घाइते भएका थिए ।

पछिल्लो करिब ५ वर्षयताकै ठुलो सडक प्रदर्शनका रूपमा हेरिएको उक्त घटनामा प्रहरीतर्फ पनि ११८ जना घाइते भएको दिल्ली प्रहरीले जनाएको छ । 'ककरोच जनता पार्टी' (सीजेपी) नामक अनलाइन अभियानको आह्वानमा शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा र परीक्षा प्रणाली सुधारको माग गर्दै हजारौँ प्रदर्शनकारी सडकमा उत्रिएका थिए । प्रहरीले प्रदर्शन नियन्त्रणका क्रममा अश्रुग्यास र लाठी प्रयोग गरेको जनाएको छ भने प्रदर्शनकारीले ढुंगामुढा गरेको आरोप लगाएको छ ।

सीजेपीले मंललबार पनि जन्तर-मन्तरमा प्रदर्शन जारी राख्दै शिक्षा मन्त्रीलाई पदबाट हटाउनुपर्ने माग दोहोर्याएको छ । गत मे महिनामा सुरु भएको उक्त अभियानले सामाजिक सञ्जालमार्फत ठुलो समर्थन जुटाएको बताइएको छ । प्रदर्शनकारीले प्रहरीको कारबाहीको आलोचना गर्दै लोकतान्त्रिक अधिकारमाथि हस्तक्षेप भएको आरोप लगाएका छन् । सीजेपीका संस्थापक अभिजीत दिपकेले समर्थकलाई धैर्य राख्न आग्रह गर्दै आन्दोलन जारी रहने बताए । यसैबीच, विपक्षी दलले संसद्मा विद्यार्थीमाथि गरिएको दमनबारे छलफलको माग गरेपछि मंगलबार संसद् बैठक अवरुद्ध भएको छ । भारतमा परीक्षा प्रणालीप्रतिको विश्वास कमजोर बनाउने गरी भएका प्रश्नपत्र चुहावट र अनियमितताका घटनापछि पछिल्लो आन्दोलन चर्किएको हो । मेडिकल तथा अन्य प्रतिस्पर्धात्मक परीक्षामा देखिएका अनियमितताले विद्यार्थी र अभिभावकबीच असन्तुष्टि बढाएको विपक्षी दलको भनाइ छ । यता, संसदीय मामिला मन्त्री किरेन रिजिजुले सरकारले परीक्षा अनियमितताविरुद्ध तत्काल कदम चालेको र संलग्न व्यक्तिमाथि कारबाही गरिएको बताएका छन् । प्रधानमन्त्री मोदीले भने हालसम्म यस विषयमा सार्वजनिक प्रतिक्रिया दिएका छन् ।

# 'भोकमरीको केन्द्रबिन्दु एसियाबाट अफ्रिकातर्फ'

■ एजेन्सी



पेरिस । संयुक्त राष्ट्रसंघले सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार, कुपोषणको समस्या बढ्दै जाँदा भोकमरीबाट प्रभावित जनसंख्याको हिसाबले अफ्रिकाले पहिलो पटक एसियालाई उछिनेको छ । खाद्य सुरक्षा र पोषणसम्बन्धी संयुक्त राष्ट्रसंघको वार्षिक प्रतिवेदनले विश्वव्यापी रूपमा भोकमरी क्रमशः घट्दै गएको देखाए पनि विभिन्न क्षेत्रबीचको अवस्था भने असमान रहेको जनाएको छ । खाद्य तथा कृषि संगठन (एफएओ)का कृषि-खाद्य अर्थशास्त्र विभागका निर्देशक डेभिड लाबोर्डेले भोकमरीको केन्द्रबिन्दु एसियाबाट अफ्रिकातर्फ सरेको बताए । उनका अनुसार चीनले विगत २५ वर्षमा भोकमरी नियन्त्रणमा उल्लेखनीय सफलता हासिल गरेको छ भने भारतले पनि समस्या समाधानका लागि प्रयास तीव्र बनाएको छ । एफएओसहित संयुक्त राष्ट्रसंघका ५ निकायले संयुक्त रूपमा तयार पारेको प्रतिवेदनअनुसार, सन् २०२५ मा अफ्रिकामा करिब ३० करोड ९० लाख मानिस अर्थात् कुल जनसंख्याको २० प्रतिशत भोकमरीबाट प्रभावित भएका छन् ।

यस अवधिमा एसियामा २९ करोड २० लाख मानिस अर्थात् कुल जनसंख्याको करिब ६ प्रतिशत भोकमरीको चपेटामा परेका थिए । प्रतिवेदनअनुसार विश्वव्यापी रूपमा भोकमरीको सामना गर्ने जनसंख्या सन् २०२२ को ८.६ प्रतिशतबाट घटेर सन् २०२५ मा ७.८ प्रतिशतमा पुगेको छ । प्रभावित मानिसको संख्या पनि करिब ४ करोड ३० लाखले घटेर ६४ करोड ५० लाखमा झरेको छ । यद्यपि यो संख्या अझै पनि कोभिड-१९ महामारीअघिको अवस्थाभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ ।

**सन् २०२५ मा अफ्रिकामा करिब ३० करोड ९० लाख मानिस अर्थात् कुल जनसंख्याको २० प्रतिशत भोकमरीबाट प्रभावित भएका छन् । यस अवधिमा एसियामा २९ करोड २० लाख मानिस अर्थात् कुल जनसंख्याको करिब ६ प्रतिशत भोकमरीको चपेटामा परेका थिए ।**

सन् २०१७ यता अफ्रिकामा कुपोषणको दर निरन्तर बढ्दै आए पनि पछिल्लो तथ्याङ्कले सन् २०२५ मा केही सुधारको संकेत देखाएको छ । तर, सन् २०२१ यता स्वस्थकर आहार किन्न नसक्ने अफ्रिकीको संख्या बढ्दो क्रममा रहेको छ, जबकि विश्वका अन्य क्षेत्रहरूमा यो अनुपात घटेको छ । प्रतिवेदनका अनुसार अफ्रिकाका करिब २ तिहाइ अर्थात् ६६.६ प्रतिशत मानिस स्वस्थकर आहार किन्न सक्दैनन्, जुन एसियाको तुलनामा दोब्बरभन्दा बढी हो । प्रतिवेदनले अफ्रिकी राष्ट्रहरूलाई पशुजन्य खाद्य उत्पादन तथा आपूर्ति प्रणालीको विकासलाई प्राथमिकता दिन सुझाव दिएको छ । यस क्षेत्रका पशुजन्य खाद्य पदार्थ अन्य खाद्य समूहको तुलनामा महँगा रहेका छन् ।संयुक्त राष्ट्रसंघका अनुसार जलवायु परिवर्तनका असर र द्वन्द्वका कारण अफ्रिकामा खाद्य संकट थप गम्भीर बनेको छ । विशेषगरी सुडान र प्रजातान्त्रिक गणतन्त्र कंगोको द्वन्द्वले लाखौं मानिसलाई खेतीयोग्य जमिन र आम्दानीका स्रोतबाट वञ्चित बनाएको लाबोर्डेले बताए । संयुक्त राष्ट्रसंघले यसअघि सुडानमा करिब २ करोड मानिस चरम खाद्य असुरक्षाको जोखिममा रहेको चेतावनी दिइसकेको छ । साथै, मध्यपूर्वमा जारी युद्ध लम्बिँदै गए थप लाखौं मानिस भोकमरीको चपेटामा पर्न सक्ने चेतावनी पनि दिएको छ । लाबोर्डेका अनुसार युद्धका कारण ऊर्जा र मलको मुल्य बढे पनि त्यसको प्रत्यक्ष प्रभाव हालसम्म सीमित देखिएको छ । यद्यपि खाद्य सुरक्षामाथिको जोखिम अझै कायम रहेको उनले बताए ।

## चौतर्फी विरोधपछि...

जसका लागि रास्वपा सभापति रवि लामिछाने नै अघि सनुपर्ने अवस्थासमेत बनेको थियो । यही विषयलाई संकेत गर्दै प्रधानमन्त्रीले भनेका छन्, 'माननीय अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागू नगर्ने निर्णय गरिएको छ ।' प्रधानमन्त्रीको उक्त प्रष्टीकरणले नै बजेट निर्माणका क्रममा बालेनलाई वाग्लेले बाइपास गर्दै गरेको निर्णय प्रक्रियालाई स्पष्ट संकेत गरेको छ । तर, अर्थमन्त्री वाग्लेले यसको बचाउ गर्दै 'करको प्रावधान ल्याउँदा पनि प्रधानमन्त्रीसँगको छलफलमै ल्याइएको र हटाउँदा पनि प्रधानमन्त्रीसँगको छलफलबाटै हटाइएको' प्रतिक्रिया दिएका छन् । तर, सरकारको नेतृत्वको हिसाबमा प्रधानमन्त्रीले उक्त कर ल्याउनु र हटाउनुपर्ने अवस्थाबारे समेत उल्लेख गर्दै यसमा प्रष्टीकरण दिएका छन् । दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउन, दलित, सीमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्न र स्वास्थ्य बिमा विस्तार गर्न आवश्यक आर्थिक स्रोत जुटाउन ३ प्रतिशत समता करको प्रावधान ल्याइएको उल्लेख गर्दै प्रधानमन्त्रीले नागरिक तहमा समता करप्रतिको प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण गरेकाले फिर्ता लिने निर्णय गरिएको बताएका छन् । यसका साथै नागरिकलाई मन नपरेका सरकारका निर्णयहरू सच्चाउन सधैँ तयार रहेको उल्लेख गर्दै प्रधानमन्त्री बालेनले भनेका छन्, 'कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसलाई सुधार्ने र परिमार्जन गर्न सरकार सधैँ तयार रहनेछ ।'

तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले पहिलो पटक स्वास्थ्य र शिक्षामा समतामूलक करको नीति ल्याएका थिए । त्यसबेला उनले यी दुवै क्षेत्रमा ५ प्रतिशतका दरले कर लगाएका थिए । तर, यसको व्यापक विरोधपछि करको प्रावधान हटाइएको थियो । तर, त्यसबेला ३ जना अर्थमन्त्री फेरिएपछि मात्रै उक्त कर हटाइएको थियो । भट्टराईले ल्याएको उक्त कर सुरेन्द्र पाण्डे अर्थमन्त्री भएपछि १ प्रतिशतमा झारिएको थियो भने पछि युवराज खतिवडा अर्थमन्त्री भएपछि मात्र पूर्ण रूपमा हटाइएको थियो । तर, अहिले त्यही करलाई ३ प्रतिशत बनाउँदै नयाँ प्रावधान ल्याइएको थियो ।

### कर हटाउने सरकारको कदमको स्वागत

सरकारले ढिलै भए पनि आफ्नो गलत निर्णय सच्याएकामा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले धन्यवाद दिएका छन् । 'सरकारको यो पहललाई सकारात्मक नै मान्नुपर्छ,' उनले भने । विगतमा पनि यही प्रकृतिको कर लगाउँदा नागरिकले नै फेल गराइदिइसकेकाले ल्याउँदा नै सरकारले ध्यान नपुऱ्याएको उनको आरोप छ । नागरिकको मौलिक अधिकारलाई नै करको दायरामा ल्याउनु समतामूलक समाजभन्दा बाहिरको विषय भएको उनले बताए । त्यस्तै, नेपाली कांग्रेस सभापति गगन थापाले पनि सरकारको उक्त निर्णयको स्वागत गर्दै कार्यान्वयनका लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया मिलाउन सुझाव दिएका छन् । 'समता शुल्क लागू गर्नु समानताको नीति थिएन, बरु असमानतालाई अझ बढावा दिने व्यवस्था थियो । सरकारले यही आर्थिक र सामाजिक यथार्थलाई स्वीकार गर्दै उक्त व्यवस्था खारेज गरेको छ,' थापाले भनेका छन्, 'यो निर्णय सही छ, उक्त निर्णयलाई कार्यान्वयनमा लैजान आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पनि रीतपूर्वक पूरा होस् ।' उता, उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँ पनि आफूले बिराएको काम सपारेकामा सरकारको उक्त निर्णय सुझबुझपूर्ण भएको प्रतिक्रिया दिन्छन् । तर, यतिले मात्र नपुग्ने उनले बताए । शिक्षा र स्वास्थ्यको मात्र नभई बिजुलीमा लगाइएको कर पनि हटाउनुपर्ने उनको माग छ ।

## ३ दलका...

### शीर्ष नेताहरूको स्वार्थले आक्रान्त प्रदेश सरकार

प्रदेश सरकार गठन केन्द्रीय गठबन्धनकै आधारमा हुने गरेको छ । सम्बन्धित प्रदेशको आवश्यकता, त्यहाँका नेता, कार्यकर्ताहरूको भावना र सम्बन्ध, सम्बन्धित प्रदेशका दलहरूबीच हुने सहमतिका आधारमा प्रदेश सरकार गठन नभई दलको प्रमुख व्यक्तिले केन्द्रीय तहमा बनाएको गठबन्धनका आधारमा सरकार बनाउने गलत अभ्यासले फेरि निरन्तरता पाउने भएको छ । संघीय सरकारमा पटक-पटक नेकपा-एमाले, नेकपा-कांग्रेस र कांग्रेस-एमाले गठबन्धन बनेका कारण सरकार अस्थिर बन्यो । जतिपटक संघीय सरकारमा गठबन्धन परिवर्तन हुन्छ, उति नै पटक सातै प्रदेशका सरकार पनि फेरबदल भइरहे । शीर्ष नेताहरूसँग प्रदेशका पार्टी पंक्ति र संसदीय दलका पदाधिकारी समेत यहीकारण रुष्ट बन्दै आएका छन् । गत ३१ असारमा सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले एमालेबाट प्रतिनिधित्व गर्ने मन्त्रीहरूलाई बर्खास्त गरेसँगै प्रदेश सरकारहरूमा भएको कांग्रेस-एमाले गठबन्धन विघटन भएको छ । यद्यपि औपचारिक घोषणा भने बाँकी छ । सोही दिन कर्णाली सरकारबाट कांग्रेसका मन्त्रीहरूले राजीनामा दिए । बाग्मती प्रदेशमा एमालेका मन्त्रीहरू राजीनामापत्र खल्तीमा बोकेर बसिरहेका छन् । अन्य प्रदेशमा पनि कांग्रेस-एमाले गठबन्धनमा अविश्वास पैदा भइसकेको छ । आगामी प्रदेश सरकार क-कसले चलाउने भन्ने सन्दर्भमा तीनै दलका शीर्ष नेताहरू छलफलमा छन् । उनीहरूको भागबन्डा मिलेसँगै कुनै २ दलको सरकार बन्ने स्थिति छ । अहिले शीर्ष नेताहरूले निर्णय नदिएका कारण प्रदेश सरकारहरू अनिश्चितताको अवस्थामा छन् ।

प्रदेशहरूमा एकअर्का दल र नेताहरूप्रति आपसमा विश्वास पैदा हुने अवस्था भए पनि प्रदेश तहमा सरकार गठनका लागि कुनै छलफल हुन सकेको छैन । गगन थापा, केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले निर्णय सुनाएपछि मात्रै बाँकी प्रक्रियामा प्रदेश कमिटी र प्रदेश संसदीय दल लाग्ने गरेका छन् । अहिलेसम्म औपचारिक रूपमा कुन-कुन दलको सरकार बन्छ भन्ने स्पष्ट नभए पनि एमाले र नेकपाबीच आगामी सत्ता सहकार्य हुने बलियो सम्भावना देखिएको छ । नेकपा संयोजक प्रचण्डले प्रदेशका नेताहरूलाई एमालेसँगै गठबन्धन हुनसक्ने ब्रिफिङ गरेका छन् ।अहिलेसम्म दलहरूबीच भागबन्डा नमिलेका कारण प्रदेश सरकारबारे निश्चित धारणा प्रदेशका नेताहरूले नै बनाउन सकेका छैनन् । भागबन्डा गर्दा पनि सम्बन्धित प्रदेशमा कुन दलको बहुमत र अल्पमत छ र जनमतको सम्मान गर्दै कुन दललाई नेतृत्व दिने भन्नेमा पनि ख्याल गर्ने गरिएको छैन । शीर्ष नेताको आदेशपालकका रूपमा रहेका व्यक्तिलाई सरकार प्रमुख दिने गरी मुख्यमन्त्रीको पद बाँड्दा प्रदेशमा दलहरूले पाएको जनमतको समेत अपमान हुने गरेको छ ।

नेपाली कांग्रेसबाट सुदूरपश्चिम प्रदेशसभा सदस्य दिवानसिंह बिष्ट प्रदेश सरकार गठन केन्द्रकै निर्देशनअनुसार हुने गरेको बताउँछन् । प्रदेशको अनुकूलतामा सरकार गठन गर्नु संघीयताको मर्मअनुरूप हुने भए पनि केन्द्रको हस्तक्षेपका कारण त्यसो हुन नसकेको उनको भनाइ छ । 'कसरी सरकार गठन गर्दा राम्रो हुन्छ भन्ने कुरा प्रदेशलाई नै अधिकार दिनुपर्ने हो । तर, त्यसो नभएर केन्द्रीय गठबन्धन र निर्देशनअनुसार नै सरकार गठन हुने गरेको छ,' उनले भने, 'प्रदेश समितिहरूले गर्ने निर्णयमा पनि केन्द्रको आदेश कुर्ने परिपाटी छ ।' उनले देख्दा सबैकुरा मुख्यमन्त्रीले नै गरेजस्तो देखिए पनि केन्द्रकै निर्णय र आदेशअनुसार प्रदेशका काम अगाडि बढ्ने गरेको बताए ।

### शीर्ष नेताहरूकै नियन्त्रणमा समग्र प्रदेश संरचना

शीर्ष नेताहरूले पार्टीको निर्णय भन्दै समग्र प्रदेश संरचनालाई आफ्नो कब्जामा राख्ने गरेका छन् । यद्यपि प्रदेशको सम्बन्धमा उनीहरूले लिने निर्णय कुनै कमिटीमा निर्णय वा अनुमोदन भने भएको हुँदैन । निर्देशन नमान्दा आफ्नो पद र समग्र राजनीति नै दाउमा लाग्ने भएकाले प्रदेश तहका नेताहरू पनि उनीहरूको निर्देशन पालना गर्न बाध्य छन् । प्रदेशको मुख्यमन्त्रीदेखि मन्त्री, प्रमुख सचेतक, सचेतक र संसदीय समितिको सभापति बन्न काठमाडौँबाट शीर्ष नेताको आशीर्वाद अनिवार्य हुन्छ । यसमा प्रदेशको पार्टी संरचना र संसदीय दलको कुनै भूमिका देखिँदैन । यद्यपि, प्रदेश सभापति र संसदीय दलको नेताले शीर्ष नेताको निर्देशनलाई मोहर लगाएर औपचारिकता भने दिने गरेका छन् । एमाले कोसी प्रदेश अध्यक्ष घनश्याम खतिवडा सामान्य छलफल शीर्ष नेतृत्वसँग भए पनि प्रदेश कमिटीहरूले कार्यकारी भूमिकामै काम गरिरहेको जिकिर गर्छन् । उनले शीर्ष नेताहरूसँग परामर्श हुने कुरालाई नकारेनन् । उनले प्रदेश सरकारलाई निर्देशन दिने सन्दर्भमा केन्द्रसँग राय लिने बताए । 'प्रदेश सरकारलाई राय दिन र मन्त्री सिफारिसको सन्दर्भमा केन्द्रसँग राय लिनु सामान्य हो,' उनले भने, 'नत्र सबै प्रदेशका प्रदेश कमिटी र संसदीय दलले कार्यकारी कमिटीकै रूपमा काम गरेका छन् । केन्द्रको हस्तक्षेप छ भन्न मिल्दैन । पार्टीको प्रदेश संरचना राम्ररी चलेको छ ।'

नेपाली कम्युनिस्ट पार्टीका नेता प्रकाश श्रेष्ठ संघीयताको कार्यान्वयन पार्टी संरचना पनि फितलो भएको बताउँछन् । संघीयताको वकालत गर्ने शीर्ष नेताहरूले समेत अधिकार तल नदिने गरेको उनको भनाइ छ । 'नेताहरूले अधिकार विकेन्द्रीकरणको कुरा गर्ने, तर डाडुपन्यु आफ्नै हातमा राख्ने गरेका छन्,' उनले भने, 'प्रदेशलाई स्वायत्तता दिनुपर्छ । त्यहाँको वस्तुस्थिति हेरेर निर्णय गर्नुपर्छ । प्रदेशमाथिको हस्तक्षेप स्पष्ट देखिने गरेको छ । यसले संघीयतालाई बलियो बनाउँदैन ।'

## ममाथि प्रतिशोधको...

देउवाले गत फागुनमा सम्पन्न निर्वाचन हिंसा, त्रास र असहज राजनीतिक वातावरणको पृष्ठभूमिमा भए पनि जनताले, विशेष गरी युवा पुस्ताले नयाँ जनादेश दिएको उल्लेख गरेका छन् । प्रतिपक्षको जिम्मेवार भूमिकाबाट लोकतन्त्र, सुशासन र राजनीतिक स्थिरतालाई बलियो बनाउन रचनात्मक सहयोग गर्ने आफ्नो स्पष्ट प्रतिबद्धता रहेको उनले बताएका छन् । आफ्नो नेतृत्वमा कांग्रेसले समानता, सामाजिक न्याय र समावेशितालाई संस्थागत गर्ने दिशामा महत्वपूर्ण निर्णय गरेको दाबी गर्दै देउवाले अहिले देशलाई अझ व्यापक दृष्टिकोण, गहिरो सहकार्य र दृढ राष्ट्रिय संकल्पको आवश्यकता रहेको बताएका छन् । 'आज देशलाई विभाजन होइन, एकता चाहिएको छ । अविश्वास होइन, विश्वास चाहिएको छ । प्रतिशोध होइन, सहकार्य चाहिएको छ,' उनले भनेका छन्, 'इतिहासबाट प्राप्त अनुभव, परिवर्तनको ऊर्जा र प्रविधि तथा ज्ञानले सम्पन्न नयाँ पुस्ताको सिर्जनशील क्षमताबीच मनको एकता, राष्ट्रिय संवाद र साझा सहकार्यको आवश्यकता आज पहिलेभन्दा अझ बढी सान्दर्भिक बनेको छ ।'

## तर, सरकारी...

कक्षा ४-५ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को व्यवस्थाअनुसार अंग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला र मातृभाषा वा स्थानीय विषय छन् । उक्त ७ विषयमा विद्यार्थी मूल्यांकनका लागि निर्माणात्मक स्वरूपका कक्षाकोठामा आधारित विभिन्न विधि, प्रक्रिया, तरिका तथा साधन पहिचान गरिने मार्गदर्शनमा उल्लेख छ । साथै पाठ्यक्रममा उल्लेख गरिएका विषयगत सक्षमता र सिकाइ उपलब्धि हासिल भए/नभएको यकिन गरी थप सुधारात्मक प्रयास र सोको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत यस मार्गदर्शनमा समावेश गरिएको छ ।

### निजी विद्यालयले टेर्दैनन् सरकारको निर्देशिका

सरकारले लिखित परीक्षा बन्द गर्ने भने पनि निजी विद्यालयमा यो लागू हुने सम्भावना कम छ । किनकि कक्षा १-३ मा प्रयोग भइरहेको भनिएको शतप्रतिशत निर्माणात्मक मूल्यांकन प्रद्धति हालसम्म निजी विद्यालयहरुले लागू गरेका छैनन् । सबैजसो निजी विद्यालयले परीक्षा दस्तुर (फी) नै लिएर अहिले पनि वर्षमा ४ पटक औपचारिक परीक्षा सञ्चालन गरिरहेका छन् । राजनीतिक संरक्षण पाउने निजी विद्यालय सञ्चालकहरूको मनोमानीका कारण कलिला बालबालिकालाई तनाव कम गर्न सरकारले लिएको नीति कार्यान्वयन हुन सकेको छैन । लिखित परीक्षामा पहिलेजस्तो प्रतिस्पर्धात्मक नतिजा नदिए पनि शुल्क असुल्नकै लागि पनि विद्यालयहरूले परीक्षा यथावत् राखेको पाइएको छ ।

सरकारले नीति मात्रै बनाउने, तर कार्यान्वयनमा कडाइ नगर्दा यो मार्गदर्शन पनि कार्यान्वयन हुनेमा सर्वसाधारण ढुक्क छैनन् । कतिपय सामुदायिक विद्यालयमा समेत लागू गर्न नसकिएको यो व्यवस्था कार्यान्वयन हुनेमा शंका गर्ने धेरै ठाउँ रहेको शिक्षा क्षेत्रकै जानकारहरू बताउँछन् । शिक्षाविद्हरूले यसको मूल उद्देश्य विद्यार्थीको सिकाइलाई वर्षको अन्तिम ३ घन्टे लिखित परीक्षामा सीमित नगरी निरन्तर अवलोकन र सहभागितामार्फत् मूल्यांकन गर्नु रहेको बताएका छन् । आन्तरिक मूल्यांकनलाई प्रभावकारी कार्यान्वयन गर्न नसके सिकाइ उपलब्धि झन् खस्किने जोखिम रहेकोतर्फ पनि शिक्षाविद्हरूले सचेत गराएका छन् । विद्यार्थीको निरन्तर सिकाइ मूल्यांकन र पृष्ठपोषणमा शिक्षक इमानदार र जिम्मेवार हुनुपर्ने उनीहरूको सुझाव छ ।


## धितो लिलामी सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति २००८३/०४/०६ गते बुधबार**

यस संस्थाबाट तपशिलमा उल्लेखित ब्यक्तिहरुले आफ्नो ब्यवसाय सञ्चालन गर्न विभिन्न शिर्षकहरुमा ऋण लिएकोमा भाखाभित्र ब्याज तथा हर्जना सहित साँवा रकम चुक्ता गर्न नआएकोले पटक पटक सम्वन्धित ब्यक्तिलाई मौखिक तथा लिखितरुपमा ऋण, ब्याज तथा हर्जना तिर्न बुझाउन नआएको तथा सो तिरी बुझाई सकेको प्रमाण पेश गर्न नआएको हुँदा यस संस्थाको बिनियमावली,सहकारी ऐन २०७४ को दफा ३० सहकारी नियमावली २०७५ को नियम ७९ ले दिएको अधिकार प्रयोग गरी यस संस्था बाट रोक्का भएको यस संस्थालाई धितो सुरक्षण स्वरुप लेखिदिएको तपशिल उल्लेखित घर/जग्गा निम्न मिति,समय र स्थानमा लिलाम विक्रि गरिने भएकोले सो लिलाम विक्रीमा डाँक वढावढ गरी लिन ईच्छुक महानुभावहरु सवैको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै सम्वन्धित ऋणीहरुलाई धितो लेखिदिने ब्यक्ति र ब्यक्तिगत जमानत दिने ब्यक्तिहरुले यस संस्थामा तिर्नु बुझाउनु पर्ने ऋण, ब्याज र हर्जना तिरी, तिर्न लगाई धितो फुकुवा गर्न चाहेमा लिलाम हुनुअघि नै चुक्ता गर्न अन्तिम मौका समेत दिईनेछ। धितो राखेको सम्पत्तीबाट यस संस्थालाई बुझाउनु पर्ने साँवा,ब्याज र हर्जना असुल उपर नभएमा सम्बन्धित ऋणीहरु तथा निजका परिवारका अन्य ब्यक्तिहरुको नाउँमा रहेको जायजेथाबाट समेत असुल उपर गरिनेछ।

**७ (सात) दिने सूचना**

| ऋणीको नाम | धनजमानी | कर्जाको किसिम | धितोको बिबरण |
|---|---|---|---|
| **नाम: शिवराम थापा**<br>ना.प्र.नं.:४१२५/६१४५ काठमाण्डौ<br>जारी मिति:२०३६/०७/२५<br>सदस्यता नं.१००४२६४ | १.नाम: कमल के.सी<br>ना.प्र.नं.: २१३०५३/३ रामेछाप<br>जारी मिति: २०६३/१०/०६<br>२.नाम: पदम कुमारी थापा क्षेत्री<br>ना.प्र.नं.:३९२२ काठमाण्डौ<br>जारी मिति: २०४२/०५/१७ | घर जग्गा धितो कर्जा | मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेष्ता कायम रहेको ऋणीको नामको काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं.३ नक्सा सीट नं.१०२-९८६-०८ कित्ता नं. २०२ र २७१ क्षेत्रफल ८.३० ब.मि र १९८.३७ ब.मि |

**धितो लिलाम डाँक बढाबढ सम्बन्धी अन्य शर्तहरु :**

१. ऋण चुक्ता गर्नको लागि अन्तिम मौका स्वरुप समय प्रदान गरी संस्थाको तर्फबाट प्रस्तुत सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कर्जा चुक्ता हुन नसकेमा मिति २०८३ साल ०४ महिना १३ गते बुधबारका दिन (उक्त दिन कुनै कारणवस विदा परेमा लगतै कार्यालय खुलेको दिन) दिनको ३:०० वजे संस्थाको कार्यालय न्यूरोड, काठमाण्डौमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्य हुनेछ।
२. रकम कवुल गर्दा रकम कबुल गर्नेद्धारा कुनै शर्त राख्न पाईने छैन।
३. लिलाम डाँक बढाबढमा भाग लिन ईच्छुक ब्यक्ति स्वयं आफ्ने सक्कलै नागरिकता प्रमाण पत्र लिएर उपस्थित हुनुपर्नेछ। संगठित संस्थाको हकमा रितपूर्वकको अख्तियारी तथा संगठित संस्थाको दर्तासंग सम्वन्धित कागजातहरु सहित उपस्थित हुनुपर्नेछ। संस्थाले बोल कबुल अंक स्वीकृत गरेको खण्डमा सोही ब्यक्ति वा संगठित संस्थाकै नाममा सम्पत्ती दाखिला खारेजी गर्न सिफारिस गरी पठाउनेछ।
४. लिलाम डाँक वढाबढ सवैभन्दा बढी रकम कवुल गर्ने ब्यक्ति वा संगठित संस्थाले आफुले कवुल गरेको रकमको कम्तिमा १०प्रतिशतले हुन आउने रकम नगदै धरौटी बापत यस संस्थामा तत्काल जम्मा गर्नुपर्नेछ। धरौटी रकममा कुनै ब्याज दिईनेछैन र प्रस्ताव स्वीकत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन।
५. लिलाम वढाबढमा सवैभन्दा बढी रकम कबुल गर्ने ब्यक्ति वा संगठित संस्थालाई धितोमा रहेको सम्पत्ती विक्रि गर्ने नगर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ।
६. सवैभन्दा वढी रकम कबुल गर्ने ब्यक्ति वा संगठित संस्थालाई सम्पत्ती विक्रि गर्ने वा नगर्ने निर्णय संस्थाले डाँक वढाबढ भएको ३५(पैतीस) दिनभित्र गरी सोको सूचना बोलकबोलवालालाई दिईनेछ र बोलकबोलवालाले त्यस्तो सूचना प्राप्त गरेको पन्ध्र दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम नबझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
७. सम्पत्तीको स्वामित्व हस्तान्तरणका लागि संस्थाले पत्राचार नगर्दाको अवस्थासम्मको कुनै पनि अवस्थामा ऋणीले सम्पूर्ण रकम बुझाएमा लिलाम डाँक वढाबढ सम्वन्धी सम्पूर्ण प्रकृया जुन अवस्थामा पुगेको छ सोही अवस्थमा सोही समयमा रद्ध गरी धरौटी रकम फिर्ता गर्न सकिनेछ।
८. सम्पत्ती दाखिला खारेज नामसारी गर्दा लाग्ने नेपाल सरकारको सम्पूर्ण दै दस्तुर वा राजश्व सकार गर्ने आफैले तिर्नुपर्नेछ।
९. लिलाम डाँक बढाबढमा भाग लिने ब्यक्ति वा संगठित संस्थाले माथि उल्लेखित धितोहरु मध्ये सम्पूर्ण कित्ताहरु वा अलग अलग कित्ताहरुको बोलकबोल गर्न सकिनेछ।

**अन्य जानकारीको लागि यस संस्थाको मुख्य कार्यालय न्युरोडमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।**
**समय** : दिनको ठिक ३:०० बजे
**स्थान** : संस्थाको मुख्य कार्यालय

**सिटी भिलेज बचत तथा ऋण सहकारी संस्था लि.**
मुख्य कार्यालय न्यूरोड, काठमाण्डौ फोन नं ०१-५३४६३०५,०१-५९०९३०५



## कम्पनीको नाम परिवर्तन भएको सूचना

पहिलो पटक प्रकाशित मिति: २०८३/४/६

यस कम्पनीको मिति २०८३/०३/०७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी हाम्रो लगानी (दर्ता नं. २६०२९०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०३/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फण्ड म्यानेजमेण्ट कम्पनी** कायम हुन आएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## पर्यटक पथप्रदर्शक किताब हरायो

मिति २०८३।४।४ गते काठमाडौँ ठमेलबाट नयाँपाटी, गोकर्णसम्म जाँदा मेरो पर्यटक पथप्रदर्शक किताब हराएको हुँदा पाउनुहुने वा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : निमा शेर्पा**
**ठेगाना: गौरिशंकर ९, दोलखा**
**हालको ठेगाना: ठमेल २७, का.म.न.पा.**
**कागजातको नं: ६९०३**
**सम्पर्क नं.: ९८४९४४२७५३**



## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०४/०६**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान ११५४ को ४२०२.३६ घ.फि. काठ र साल अन्य मिश्रित/अन्य दाउरा १४.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**गणेश शिवदुर्गा सा.व.उ.स.**
**मधुवन-८, बर्दिया**



## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०४/०६**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान १५२४ को ८३७९.८७ घ.फि. काठ र साल/सिसौ/टिक र अन्य दाउरा १६.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**अयोध्याफाटाँ सा.व.उ.स.**
**मधुवन-९, बर्दिया**